☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२१
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश नेपाल

तानसेन, पाल्पा

प.स :- २०८१/०८२
च.न :-

प्रथम पटक प्रकाशन मिति : २०८१।०८।०६

## सूचना

तानसेन नगरपालिकाबाट चालु आ.व.२०८१/०८२ को बार्षिक नगर विकास योजनामा नगरपालिका क्षेत्रको विकास निर्माणका कार्यहरुमा जनसहभागिता अभिवृद्धि गर्ने उद्देश्यले बजेट विनियोजन गरिएकोमा नगर कार्यपालिकाको मिति २०८१।०७।२९ गतेको निर्णय अनुसार जनसहभागिता कार्यक्रम मार्फत संचालन हुने पूर्वाधार विकास योजनाको लागि ५०/५० लागत सहभागितामा उक्त कार्यक्रम कार्यान्वयन गर्न न्यूनतम् ५० प्रतिशत लागत सहभागिता (नगद) मा पूर्वाधार योजना संचालन गर्न इच्छुक उपभोक्ता तथा सरोकारवालाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र योजनाको विस्तृत विवरण खुल्ने कागजातहरु, पचास प्रतिशत लागत (नगद) सहभागिता गर्ने प्रतिवद्धता पत्र र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाल्पामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

आयोजना संचालनका क्षेत्रहरु :

१. सडक निर्माण, स्तरवृद्धि तथा मर्मत सम्भार

२. कृषि पूर्वाधार तथा सिंचाई

३. खानेपानी तथा सरसफाई

४. पर्यटन पूर्वाधार विकास

..............................
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च: योजना पेश गर्दा जग्गा प्लटिङ्ग जस्ता कार्यमा सहयोग पुग्ने गरी सडक निर्माण गर्ने तथा व्यक्तिगत रुपमा लाभ पुग्ने गरी योजना पेश गर्न नहुने र त्यस्ता योजनाहरु स्वीकृत नहुने व्यहोरा जानकारी गराइन्छ। साथै ५० प्रतिशत भन्दा बढी लागत सहभागिता गर्ने योजनालाई लागत सहभागिताको आधारमा प्रथम प्राथमिकताका साथ छनोट गरिने छ।



CamScanner